# भाग ५

## नेपाल सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको

### सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बाल सङ्गठन तथा बाल मन्दिरको विषयमा जाँचबुझ गर्न देहाय बमोजिमको जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-

१. जाँचबुझ आयोगः-

| | | |
|---|---|---|
| (क) | पूर्व मुख्य न्यायाधीश, श्री हरिबाबु भट्टराई, विराटनगर महानगरपालिका-११, मोरङ | -अध्यक्ष |
| (ख) | बालबालिका सम्बन्धी विज्ञ, श्री मिलन धरेल, नागार्जुन नगरपालिका-४, काठमाडौं | -सदस्य |
| (ग) | बालबालिकाको विषय सम्बन्धी महिला विज्ञ, श्री विमला ज्ञवाली, किर्तिपुर नगरपालिका-७, काठमाडौं | -सदस्य |
| (घ) | नेपाल सरकार, गृह मन्त्रालयका सहसचिव स्तरका प्रतिनिधि | -सदस्य |
| (ङ) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बालबालिका हेर्ने महाशाखाका प्रमुख (सहसचिव) | सदस्य-सचिव |

२. जाँचबुझ आयोगको कार्यक्षेत्रः-

(क) नेपाल बाल सङ्गठन र बाल मन्दिरको साङ्गठनिक औचित्य, नीतिगत व्यवस्था, सङ्घीय ढाँचा, संरचनागत प्रबन्ध र आवश्यक सुधारका विषयमा अध्ययन गरी पेश गर्ने,

(ख) नेपाल बाल सङ्गठनको केन्द्र तथा जिल्लामा रहेका बाल मन्दिरहरुबाट यसपूर्व भएका निर्णय तथा काम कारबाहीहरु प्रचलित कानून र नीतिगत व्यवस्था बमोजिम भए नभएको सम्बन्धमा अध्ययन गरी कुनै कानूनी कारबाही गर्नुपर्ने विषय भए सोको सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ग) नेपाल बाल सङ्गठन र बाल मन्दिरको स्वामित्वमा रहेका जग्गा, भवन तथा अन्य भौतिक सम्पत्ति र सोको उपयोग तथा व्यवस्थापन सम्बन्धमा अध्ययन गरी उपयुक्त सुझाव दिने,

(घ) नेपाल बाल सङ्गठन र बाल मन्दिरबाट बालबालिकाको संरक्षण र व्यवस्थापन सम्बन्धमा यस पूर्व भएका काम कारबाही अध्ययन गरी भविष्यमा अपनाउनुपर्ने सुधारको विषय सिफारिस गर्ने,

(ङ) आयोगले कार्य प्रारम्भ गरेको मितिले ३(तीन) महिनाभित्र कार्य सम्पन्न गरी नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्ने।

३. जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यको सेवा सुविधा र अन्य व्यवस्था:-

(क) आयोगको अध्यक्षको सेवा सुविधा उच्च अदालतको मुख्य न्यायाधीश सरह र सदस्यहरुको सेवा सुविधा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणी सरह हुने,

(ख) आयोगलाई आवश्यक पर्ने बजेट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अनुरोधमा अर्थ मन्त्रालयले उपलब्ध गराउने

(ग) आयोगलाई आवश्यक पर्ने कर्मचारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउने।

(घ) आयोगको कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको भवनमा रहने।

**आज्ञाले,**
**चन्द्रकुमार घिमिरे**
**नेपाल सरकारको सचिव**